**नेपाल राष्ट्र बैंक**

**मुद्रा व्यवस्थापन विभाग**

**टक्सार महाशाखा**

## रुपैयाँ १ दरको सिक्का प्रचलनमा ल्याउने बारेको सूचना

यस बैंकले साविककै आकार तथा सुनौलो रङ्गमा टकमरी गरिएको साल २०७७ लेखिएको निम्न विशेषताहरु रहेको रुपैयाँ १ दरको सिक्का मिति २०७८।११।२५ देखि चलनचल्तीमा ल्याउने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**(क) सिक्काको अग्र भागमा :-**

- सिक्काको वृत्ताकार घेराभित्र चौसठ्ठी वटा थोप्लाहरु रहेको ।
- चौसठ्ठी थोप्लाहरूको वृत्ताकार घेराभित्र हिमाल, पहाड र तराईको पृष्ठभूमिमा सात प्रदेशसहितको नेपालको नक्सा रहेको ।
- सिक्काको माथिल्लो भागमा अंग्रेजीमा **Re. One** र तल्लो भागमा देवनागरी लिपिमा **१ रुपैयाँ** लेखिएको ।
- नेपालको नक्शाको दायाँतर्फ फरक क्षमता भएका (दृष्टिविहीन)हरुले स्पर्श गरेर सिक्काको दर पहिचान गर्नका लागि एउटा मोटो थोप्लो रहेको ।




**(ख) सिक्काको पृष्ठ भागमा :-**

- सिक्काको वृत्ताकार घेराभित्र चौसठ्ठी वटा थोप्लाहरु रहेको ।
- आठ थोप्ला सहितको वृत्ताकार चित्र भित्रको वर्गाकार आकृतिलाई वरिपरी चन्द्र, सूर्य, चक्र, संख, पद्म, गदा तथा बिचमा सगरमाथाको आकृति र सो आकृतिको मुनी अंग्रेजीमा **SAGARMATHA NEPAL** लेखिएको ।
- सिक्काको माथिल्लो भागमा देवनागरी लिपिमा **नेपाल** र तल्लो भागमा **२०७७** लेखिएको ।




मिति : २०७८ फागुन २५, बुधबार